**नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समिति सल्यानको अभियानको कार्य योजना**

**अभियानको नामः** जनतासँग माओवादी विशेष रुपान्तरण अभियान

२. **अभियानको नाराः** घर–घरमा माओवादी, जन–जनमा माओवादी

**अभियानको अवधिः** २०८० भाद्र १६ देखि २०८० मंसिर १६ गते सम्म

- **पहिलो चरण** – २०८० भाद्र १६ देखि २०८० असोज १५ गते सम्म
- **दोश्रो चरण** – २०८० असोज १६ देखि २०८० कार्तिक १५ गते सम्म
- **तेश्रो चरण** – २०८० कार्तिक १६ देखि २०८० मंसिर १६ गते सम्म
- अभियानलाई प्रभावकारी बनाउन भाद्र ७ गते जिल्ला समन्वय समितिको विस्तारित बैठक आयोजना गर्ने ।
- महान् जनयुद्धको पहिलो बलिदान भएको स्थान बागचौर नपा – २, बागचौरमा भाद्र ८ गते बिहान ११·३० बजे पत्रकार सम्मेलन आयोजना गरी बागचौर पतिबद्धता पत्र –२०८०, जारी गर्ने ।
- मिडिया परिचालनलाई ब्यवस्थित र प्रभावकारी बनाउन खलंगामा भाद्र ५·३० बजे प्रेश सेन्टर नेपालको बैठक आयोजना गर्ने ।
- भाद्र ९ गते विहान ७·०० बजे राजनैतिक दल, जनप्रतिनिधि, कार्यालय प्रमुख, उद्योगी व्यवसायी, शिक्षक, बुद्धिजिवी, पत्रकारहरुसँग अभियानको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।
- भाद्र ९ गते विहान ११·३० पार्टी समर्थित जनसंगठन तथा मोर्चाहरुको जिल्ला स्तरिय बैठक तथा प्रशिक्षण गर्ने ।
- अभियानको प्रभावकारी कार्यान्वयनका लागि जिल्लाका सम्पुर्ण पालिकाहरुमा भाद्र १० र ११ गते बिस्तारित बैठकहरु आयोजना गर्ने ।
- अभियानको मुर्त तयारीका लागि जिल्लाका सम्पुर्ण वडापालिकाहरुमा भाद्र १२ र १३ गते बैठकहरु आयोजना गर्ने ।
- भाद्र १४ गते ११·०० बजे नेकपा (माओवादी केन्द्र) बाट निर्वाचित जनप्रतिनिधिहरुको प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।
- भाद्र १५ गते विहान ८·०० बजे पार्टी समर्थित उद्योगी व्यवशायीहरुसँग छलफल गर्ने ।
- भाद्र १६ गते जिल्लाका प्रत्ये]क वडामा अभियानको कार्यालय स्थापना तथा सार्वजनिक स्थलमा श्रमगरी एकसाथ अभियानको उद्घाटन गर्ने ।
- पार्टीका नेता कार्यकर्ता, समर्थक, सुभचिन्तक तथा आम जनताहरुलाई परिचालनगरी असोज १२ गते, कार्तिक १७ गते र मंसिर १५ गते जनसेवा, सार्वजनिक निर्माण र सरसफाइका कार्यक्रमहरु गरेर अभियानको **श्रम सुक्रवार** मनाउने ।

- ❖ आइसिटि प्लेटफर्म मार्फत् प्रचारात्मक कार्यलाई व्यवस्थित गर्न वडास्तरसम्म आइसिटि समिति गठन गर्ने ।
- ❖ सामाजिक सञ्जाल संचालन दक्षता अभिबृद्धि गर्न नेता कार्यकर्ताहरुलाई सहभागी गराई जिल्ला र हरेक पालिकामा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने । प्रत्येक वडाको डिजिटल अभिलेख राख्ने । पार्टीको डिजिटल अभिलेख व्यवस्थापनका लागि जिल्लामा एक समिति गठन गर्ने ।
- ❖ प्रहरी, सेना, कर्मचारी, रोजगारी र व्यवशायिक कामका शिलसिलामा जिल्ला बाहिर तथा देश बाहिर रहेका व्यक्तिहरुको अवस्था र पारिवारिक राजनैतिक आस्था समेत उल्लेख गरेर तथ्याङ्क संकलन गर्ने ।
- ❖ **म लेख्छुँ** कार्यक्रममा पार्टी, अभियान, विकास, समृद्धि, सुशासन लगायतका समसामियक विषयमा हरेक चरणको पहिलो दिन र अन्तिम दिन भाद्र १६ गते, असोज १५, असोज १६ गते, कार्तिक १५ गते, कार्तिक १६ गते, मंसिर १६ गते हरेक पार्टी सदस्यले मिडिया एवं सामाजिक संजालमा लेख, रचना, स्टेटस लेख्ने ।
- ❖ **म बोल्छुँ** कार्यक्रम मार्फत सामाजिक, राजनैतिक, आर्थिक, सुशासन विकृति विसंगति विरुद्ध दृढतापुर्वक आफ्ना अभिमतहरु प्रकट गर्ने । पार्टी कमिटिमा बेहिच्किचाहट आत्मालोचना एवं आलोचना गर्ने ।
- ❖ पत्रकारसँग अभियान कार्यक्रम जिल्ला स्तरिय अभियानको हरेक चरणको समिक्षाको दिन पत्रकार सम्मेलन आयोजना गरेर अभियानका अपलब्धीहरु सार्वजनिक गर्ने ।
- ❖ **सुशासनको सुइको** कार्यक्रममा शुसासनसँग सम्बन्धित सुझाव, सुचना, मागपत्र, धर्ना र विरोध प्रदर्शन कार्यक्रम आयोजना गर्ने ।
- ❖ **माओवादीसँग जनका** कुरा कार्यक्रममा पार्टीको विशेष रुपान्तरणका लागि जनदैलोमा पुगेर जनताका सुझाव, सल्लाह, राय, धारणा संकलन गर्ने ।
- ❖ **म गर्छु** कार्यक्रममा राष्ट्र, जनता, राष्ट्रियता, विकास, समृद्धि, शुसासन, जनसेवा, पार्टी र अभियानको लागि योगदान गर्ने संकल्पलाई व्यवहारिकरुपमा अभिव्यक्त गर्ने अवस्था सिर्जना गर्ने ।
- ❖ **शिक्षामा शिकायत** कार्यक्रममा शैक्षिक क्षेत्रमा देखिएका अनियमितता, विकृति, विसंगति, शैक्षिक गुणस्तर र गुणस्तरका समस्या बारे अभिलेख संकलन, छलफल, बहस, अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने तथा शैक्षिक समस्याहरुको समाधानको पहल गर्ने ।
- ❖ **स्वास्थ्यमा सकस** कार्यक्रममा स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरुको पहिचान गरी समाधानको योजनाबद्ध पहल गर्ने ।
- ❖ कोष संचालन कार्यविधि निर्माण गरी इन्चार्ज र अध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्ने गरी अगल्लै कार्यकर्ता व्यवस्थापन तथा परिचालन कोष खडा गरिनेछ ।
- ❖ अभियानका गतिविधिहरु संचालनार्थ पार्टीबाट निर्वाचित जनप्रतिनिधि, राजनैतिक नियुक्ति प्राप्त व्यक्तिहरु, शिक्षक, कर्मचारी, उद्योगी व्यापारी, निर्माण व्यवशायीहरुबाट सहयोग संकलन गर्ने ।

- अभियान टोलीका हरेक सदस्यहरुले सम्बन्धित अभियान टोलीको सचिवालयमा दैनिक कार्य सम्पादनको फाराम भरेर पेश गर्ने ।
- नेकपा(माओवादी केन्द्र), सल्यान र सम्पुर्ण पालिकाहरुको इतिहासलाई प्रमाणिक तथा व्यवस्थित लेखन गर्न इतिहास लेखन समितिहरु गठन गर्ने ।
- अभियानका गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन सुचना प्रविधि सम्बन्धी ज्ञान भएको कमरेडलाई नियमित काम गर्नेगरी नियुक्त गर्ने ।
- अभियान अवधिमा शहिद प्रतिष्ठान भवन शिल्यान्यास गर्ने ।
- अभियान टोलीका कमाण्डरहरुले पाक्षिकरुपमा श्रब्य दृश्य रिपोर्ट अभियानको जिल्ला तथा पालिका कार्यालयहरुमा अनिवार्य पेश गर्ने ।
- जिल्लाले महिनामा एक पटक, पालिकाले २० दिनमा १ पटक र वडाले १५ दिनमा १ पटक अभियानको समिक्षा गर्ने र नियमित लिखित प्रतिवेदन पेश गर्ने।
- अभियानमा क्रियाशिल नहुने टोली सदस्यका सम्बन्धमा जिल्ला र पालिका अभियान कार्यालयहरुलाई रिपोर्ट गर्ने ।
- जिल्ला, पालिका र वडा स्तरीय अभियान टिम निर्माण गर्ने । अभियान टोलीले कार्यकर्ता, जनता र सम्बन्धित भुगोलको समस्या पहिचान गरी प्रतिवेदन पेश गर्ने।
- **मतदातासँग मनका कुरा** कार्यक्रममा हरेक मतदाताको दलिय आवद्धता र अवस्था बारे अभिलेख राख्रे । मतदाताहरुसँग मुलुकको हित, उनीहरुका समस्या, जिल्लाको हित, पार्टीको योगदान, सरकारले थालेको सुशासनको कदम, पार्टी, अभियानका बारेमा प्रत्यक्ष भेटघाट गर्दै खुलेर मनका कुरा गर्ने । निर्वाचन परिणामलाई ध्यानमा राख्दै पार्टी सदस्यहरुले निश्चित मतदाताहरुको नेतृत्व लिने ।
- शहिदहरुको स्मृति, सम्मान र योगदानसँग सम्बन्धित विषयमा विभिन्न रचनात्मक गतिविधिहरु संचालन गर्ने ।
- शहिद परिवार तथा घाइते योद्धाहरुलाई घर दैलोमा पुगेर भेटघाट गर्ने । देश र जनताको मुक्तिका लागि उहाँहरुले गरेको योगदानको कदर गर्न विभिन्नस्तरमा अभिनन्दन तथा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गर्ने ।
- गणतन्त्र, संघियता, समावेशिता, विकास, समृद्धि, सुशासन, शिक्षा, स्वास्थ्य, रोजगार तथा उत्पादन लगायतका विषयमा पार्टी एवं जनसंगठनहरुले कम्तीमा एउटा विषयबस्तुमा अन्तरक्रिया, वक्तित्वकला, गजल, कविता, गित, खेलकुद कार्यक्रमहरु आयोजना गर्ने ।
- **विकासमा विवेक र वेथिति** कार्यक्रममा विकास, समृद्धि, शुसासन र जनजिवीकासँग सम्बन्धित विषयमा सम्पुर्ण पालिकाहरुमा असोज १६ गते र असोज १८ गते जिल्ला स्तरिय विचार गोष्ठी / अन्तरक्रिया आयोजना गर्ने ।
- जिल्ला र स्थानीय सरकार परिचालन समिति गठन गरी पार्टीको नेतृत्वमा स्थानीय सरकारलाई परिचालन गर्ने । हरेक पालिकामा स्थानीय तह दलको अनिवार्य गठन गर्ने । पार्टीबाट स्थानीय सरकारको नेतृत्व नभएको पालिकाहरुमा छाया सरकार गठन गर्ने । उल्लेखित समितिहरु भाद्र महिनाभित्र गठन गर्ने ।

- समाजवाद उन्मुख विकास र समृद्धिको कार्यक्रम निर्माण गर्ने पार्टी नेतृत्वका पालिकाहरुमा शहिद परिवार तथा घाइते अपाङ्गता लक्षित आयआर्जन लगायतका अन्य कार्यक्रमहरु निर्माण गर्ने ।
- पार्टीको नेतृत्वमा सरकार नभएका पालिका र वडाहरुमा छाया सरकार बनाउने । विकास निर्माण, जनजीविका र शहिद परिवार तथा घाइते अपाङ्गता लक्षित आयआर्जनका कार्यक्रमहरु निर्माण गर्न दवाव सिर्जना गर्ने ।
- कार्यान्वयनको समय सिमा उल्लेख गरेर विकास, समृद्धि, शुसासन र जनजिवीकासँग सम्बन्धित समस्या र आवश्यकताहरु पहिचान गरी वडाहरुमा असोज १९ गते, पालिकाहरुमा असोज २० गते र जिल्लामा असोज २१ गते  मागपत्रहरु पेश गर्ने ।
- जिल्ला तथा पालिका स्तरीय सहकारी गठन गर्ने । एक संगठन एक उत्पादनको लक्ष्य अनुरुप एक वडा एक उत्पादन कार्यक्रम संचालनको आधार खडा गर्ने ।
- पार्टी सदस्यता वितरण, नविकरण, गठन पुनर्गठन कार्य सम्पन्न गर्ने । सक्रिय र निश्क्रिय कमिटिहरु लगायत समग्र सांगठनिक गतिविधिहरुको डिजिटल अभिलेख राख्ने ।
- पार्टीभित्रका अन्तरविरोध र अन्य दलहरुभित्रको अन्तरविरोधहरुको सुक्ष्म पहिचान र व्यवस्थित परिचालन गर्ने ।
- पार्टीका समग्र गतिविधि र पार्टी सदस्यहरुको डिजिटल अभिलेख राख्ने । नियमित सुचना र जानकारी सम्प्रेषण गर्न वेभ साइड संचालन गर्ने । कार्यकर्ताहरुका लागि डिजिटल साक्षरता कक्षा संचालन गर्ने ।
- पार्टीको संस्थापक डिसिएस कमलबहादुर चन्दको गृह पालिका दार्मा गाँउपालिकामा अभियानको पहिलो समिक्षा आयोजना गर्ने ।
- सदरमुकाम खलंगामा अभियानको समापन समिक्षा कार्यक्रम आयोजना गर्ने ।
- नेता तथा कार्यकर्ताहरुको राजनैतिक बैचारिकस्तर अभिबृद्धि गर्न स्कुलिङ्ग संचालन गर्ने ।
- पार्टीका सम्पुर्ण गतिबिधिहरुको डिजिटल अभिलेख राख्ने । सदस्यता वितरण, नविकरणगरी पार्टी सदस्यहरुको व्यवस्थित अभिलेख राख्ने ।
- आर्थिक अनुसशासनसँग सम्बद्ध गरेर लेवीलाई व्यवस्थित र नियमित  गर्ने । लेवी नतिर्ने र क्रियाशिल नहुने पार्टी सदस्यहरुलाई समर्थकमा अभिलेखिकरण गर्ने ।
- अभियानको **दुखीसँग दुई दिन** कार्यक्रम अन्तर्गत् बृद्ध, एकल महिला, टुहुरा, बेसहरा तथा घाइते अपाङ्गता भएका व्यक्ति लक्षित श्रम एवं सेवा गर्ने । उनीहरुका समस्या समाधान गर्न गम्भीर पहल गर्ने ।
- हरेक पार्टी कमिटि र जनवर्गीय संगठनले कम्तिमा एक स्थानमा श्रम कार्य गर्ने । अभियान टोलीका सदस्यहरुले अभियान अवधिभर ३ दिन अनिवार्य श्रम गर्ने ।
- अभियान टोलीले तत्कालिन तथा दिर्घकालिन विकास निर्माण कार्यको सुची बनाई कार्यान्वयनको योजनाबद्ध पहल लिने । विकास निर्माणका दृष्टिले पछाडि परेका बस्ती तथा आधारभुत आवश्यकतासँग सम्बन्धित विकास आयोजनालाई प्राथमिकता दिने ।

- पार्टीमा दण्ड र पुरुस्कारको व्यवस्था दयनीय बन्दै गइरहेको छ । तसर्थ, क्रियाशिल कमरेडहरुलाई प्रोत्साहित गर्नका लागि कार्य सम्पादनलाई मुल्यांकनको आधार बनाइनेछ ।
- पार्टी नेता तथा कार्यकर्ताहरुले सामाजिक संञ्जालमा गर्ने पार्टी विरुद्धका गतिविधिहरुलाई अनुशासनको विषय बनाइनेछ ।
- योजनाबद्ध तयारीका साथ पालिका स्तरिय साँस्कृतिक कार्यक्रम तथा जनसभा एवं जनवर्गिय संगठनहरुको जिल्ला सम्मेलन/भेलाहरुमा मिलन पुनर्मिलन कार्यक्रम आयोजना गर्ने ।
- अभियानको उत्कर्षकोरुपमा मंसिरको पहिलो हप्तामा जिल्ला सदरमुकाममा बृहत जनसभामा आयोजना गर्ने । उक्त जनसभामा सम्माननीय प्रधानमन्त्री एवं अध्यक्ष कमरेड प्रचण्डको प्रमुख आतिथ्यताका लागि अनुरोध गर्ने ।

**जनवर्गिय संगठनका भेला/सम्मेलनहरु**

कार्तिक १६ गते नेपाल बुद्धिजीवि संगठन, १६ कार्तिक गते एकिकृत अखिल नेपाल शिक्षक संगठन, कार्तिक १७ गते अखिल नेपाल प्रगतिशिल जनस्वास्थ्यकर्मी महासंघ, कार्तिक १७ गते मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल, कार्तिक १८ गते जनक्रान्तिका महान् शहिद परिवार समाज र शहिद तथा बेपत्ता योद्धा सन्तती, कार्तिक १९ गते पुर्व जनमुक्ति सेना, नेपाल, कार्तिक २० गते राष्ट्रिय दलित मुक्ति मोर्चा नेपाल, कार्तिक २१ गते अनेरास्ववियु (क्रान्तिकारी), कार्तिक २२ गते अनेमसंघ (क्रान्तिकारी), कार्तिक २३ गते एकिकृत अखिल नेपाल किसान महासंघ, कार्तिक २४ गते अखिल नेपाल ट्रेड युनियन महासंघ, कार्तिक २५ गते योङ्ग कम्युनिस्ट लिग, नेपाल, कार्तिक २६ गते एकिकृत जनसाँस्कृतिक महासंघ ।

**प्रतियोगितात्मक साँस्कृतिक कार्यक्रम तथा पालिका स्तरीय जनसभाहरु**

| क्र.सं. | विवरण | मिति | स्थान | समय |
|---|---|---|---|---|
| १ | दार्म | मंसिर ३ गते | फारुलाचौर | ११.०० बजे |
| २ | बागचौर गाउँपालिका | मंसिर ३ गते | बागचौर | ११.०० बजे |
| ३ | कुमाख गाँउपालिका | मंसिर ४ गते | रागेचौर | ११.०० बजे |
| ४ | बनगाड कुविण्डे नगरपालिका | मंसिर ४ गते | सल्ली बजार | ११.०० बजे |
| ५ | कालीमाटी गाँउपालिका | मंसिर ५ गते | रामपुर | ११.०० बजे |
| ६ | त्रिवेणी गाँउपालिका | मंसिर ५ गते | लुहाम | ११.०० बजे |
| ७ | कपुरकोट गाँउपालिका | मंसिर ६ गते | कपुरकोट | ११.०० बजे |
| ८ | छत्रेश्वरी नगरपालिका | मंसिर ६ गते | भोटेचौर | ११.०० बजे |
| ९ | शारदा नगरपालिका (बृहत जिल्ला स्तरिय जनसभा) | मंसिर ७ गते | खलंगा | ११.०० बजे |

| | | | | |
|---|---|---|---|---|
| १० | शिद्ध कुमाख गाउँपालिका | मंसिर ७ गते | ढोरचौर | ११·०० बजे |

**अभियान टोलीको संरचना तथा कार्यक्षेत्र**

नरेश भण्डारी – इन्चार्ज, सल्यान जिल्ला

गणेशप्रसाद सिंह – इन्चार्ज, शारदा नगरपालिका

देविलाल गौतम - इन्चार्ज, बागचौर नगरपालिका

ज्ञानबहादुर वली - बागचौर नगरपालिका

कर्णबहादुर बुढाथोकी - इन्चार्ज, बनगाड कुभिन्डे नगरपालिका

खडानन्द लामिछाने - इन्चार्ज, कपुरकोट गाँउपालिका

टिकाबुढाथोकी - इन्चार्ज, त्रिबेणी गाँउपालिका

लक्ष्मी पुन – इन्चार्ज, कुमाख गाँउपालिका

निमबहादुर केसी – इन्चार्ज, दार्मा गाँउपालिका

दिलमाया बुढा - इन्चार्ज, कालिमाटी गाँउपालिका

कृतिबहादुर पुन - इन्चार्ज, सिद्धकुमाख गाँउपालिका

उमाकान्त शर्मा - इन्चार्ज, छात्रेश्वरी गाँउपालिका

**शारदा नगरपालिका**

मानबहादुर मल्ल, शारदा नपा – ४, ५ र ६

हरिप्रकाश बुढाथोकी, शारदा नपा – १, २ र ३

चित्रबहादुर केसी, शारदा नपा – ७, १४ र १५

नबिनसिंह भडेल, शारदा नपा – १० र ११

तुल्सीराम घर्ति, शारदा नपा – १२ र १३

प्रमोद श्रेष्ठ, शारदा नपा – ८ र ९

**बनगाड कुबिन्डे नगरपालिका**

बिपना बुढाथोकी, बनगाड कुबिन्डे नपा –१

धनबहादुर पुन, बनगाड कुबिन्डे नपा – २, ३ र ४

तिलबिर बुढाथोकी, बनगाड कुबिन्डे नपा – ५, ६ र ७

मन्जु परी, बनगाड कुबिन्डे नपा – ८ र ९

दिपक परी, बनगाड कुबिन्डे नपा – १०, ११ र १२

**बागचौर नगरपालिका**

खुमिन्ना, बागचौर नपा – १, २ र ३

कल्पना पुन, बागचौर नपा – ४ र ५

कमला वली, बागचौर नपा – ६ र ७

सेतीराम वावली, बागचौर नपा – ८ र ९

टंकप्रसाद शर्मा, बागचौर नपा – १०

शोभाराम भण्डारी, बागचौर नपा – ११ र १२

**कपुरकोट गाउँपालिका**

मानबहादुर राना कपुरकोट गापा – १ र २

भीम मल्ल, कपुरकोट गापा – ३

लक्ष्मी बोहोरा, कपुरकोट गापा – ४

तिर्थराज बस्नेत, कपुरकोट गापा – ५ र ६

**त्रिवेणी गाउँपालिका**

रमेशकुमार मल्ल र खुमबहादुर बोहोरा, त्रिवेणी गापा– ४, ५ र ६

अजय रोका र लालबहादुर कपाल, त्रिवेणी गापा– १, २ र ३

**कुमाख गाउँपालिका**

मोमता रोका र दीपक चन्द, कुमाख गापा – १ र २

अनन्तप्रसाद शर्मा, कालु बस्नेत र तिलु मल्ल, कुमाख गापा– ४, ५ र ६

चन्दबहादुर राना, कुमाख गापा– ३ र ७

**दार्मा गाउँपालिका**

टंकबहादुर वली, दार्मा गापा - १

प्रतिक इच्छुक शर्मा र सार्के वली, दार्मा गापा - २

टिका शर्मा वली, दार्मा गापा - ३

चन्द्रबहादुर रावत, दार्मा गापा - ४

रामबहादुर केसी र जुना मल्ल चन्द, दार्मा गापा - ५

धर्मे बुढाथोकी, दार्मा गापा - ६

**कालिमाटी गाउँपालिका**

पुरुषोत्तम भट्टराई, कालिमाटी गापा - १

बिरबहादुर बिसी, कालिमाटी गापा - २

कृतिबहादुर राना, कालिमाटी गापा - ४ र ५

रुद्रबहादुर घर्ति, कालिमाटी गापा– ३ र ७

कमल बिक, कालिमाटी गापा - ६

**सिद्धकुमाख गाउँपालिका**

हरिलाल डाँगी, सिद्धकुमाख गापा– १ र २

रामबहादुर बस्नेत, सिद्धकुमाख गापा– ३, ४ र ५

**छत्रेश्वरी गाँउपालिका**

कविराम बस्नेत, छत्रेश्वरी गापा– १ र २

प्रेमबहादुर खड्का, छत्रेश्वरी गापा – ३,४, ६ र ७

राधा शर्मा घर्ती, छत्रेश्वरी गापा – ५

नेकपा (माओवादी केन्द्र)

जिल्ला समन्वय समिति, सल्यान।